ネパール語

कामदारहरूको लागि

# के तपाईंलाई काममा समस्या भइरहेको छ?

## कार्यस्थलमा शक्ति दुर्व्यवहार(पावर हेरास्मेन्ट)अस्वीकार्य छ यदि तपाई पिडित हुनुहुन्छ भने सम्पर्क गर्नुहोस्

**जापानी कामदार वा विदेशी कामदार(भिसाको स्थिति) को परवाह नगरी, कार्यस्थलमा दुर्व्यवहार अस्वीकार्य छ!**

*कार्यस्थलका उदाहरण: कार्यस्थल, व्यावसायिक यात्रा गन्तव्य, काममा प्रयोग हुने गाडीभित्र, व्यापार साझेदारहरूसँग भेटघाट हुने ठाउँहरू आदि।

उत्पीडनका केहि उदाहरण हरु:

### शक्ति दुव्र्यवहार (पावर हेरास्मेन्ट)

**शारीरिक आक्रमण**
कुटपिट वा लात हानेको

**मानसिक आक्रमण**
सहकर्मीहरूको अगाडि, ""तिमीलाई यस्तो साधारण जापानी पनि थाहा छैन!" भनेर चिच्याउनु

**अत्यधिक माग**
वास्तविक/आवश्यककाम भन्दा भिन्न काम, जस्तै: फरक विदेशी भाषा अनुवादक काम लगाउनु

**न्यूनतम माग**
कुनै पनि काम नदिनु

**व्यक्तिगत अधिकारको उल्लङ्घन**
तपाईंको देश को स्थिति, संस्कृति, आस्था को आलोचना गर्नु

**मानबिय सम्बन्धहरूबाट अलगगर्नु**
सहकर्मी वा अग्रज कर्मचारीहरू बाट बेवास्ता गरिनु

### यौन दुव्र्यवहार (सेक्सुअल हेरासमेन्ट)

वरिष्ठ कर्मचारी, हाकिमले कम्मर, छाती जस्ता शरीरका अंगहरू छुनु, व्यवहार गर्नु, विरोध गर्दै बापत, असुविधाजनक पदमा नियुक्त गरिनु।

खानपिन र डेटिङ गर्न हाकिम/मालिक द्वारा निमन्त्रणा गरिनु, त्यस्ता व्यवहारबाट नराम्रो पीडा महसुस गरि काममा जान गाह्रो हुनु।

### गर्भावस्था, सुत्केरी, बालहेरचाह बिदा आदिको दुव्र्यवहार (म्याटरनिटी हेरासमेन्ट)

सुत्केरी बिदा लिने बारे सल्लाह गर्दा, 「सुत्केरी बिदा लिए काम छोड्न」 दबाब दिनु।

ओभरटाइम काम छुटको बारेमा सल्लाह गर्दा, 「छुट लिएमा अर्को मूल्याङ्कनमा पदोन्नति हुन्न」 भनेर भन्नु, व्यवहार गर्नु।

दुव्र्यवहार/उत्पीडन समस्या सामना गर्ने विधि र परामर्श डेस्कहरू बारेमा पछाडी पेज

थप जानकारी...

गर्भावस्था, सुत्केरी, बाल हेरचाह आदिको बिदा को कारणले नराम्रो वा अनुचित व्यवहार भोग्नु भएको छ भने, कृपया अर्को पर्चा पढ्नुहोस्।

ひと、くらし、みらいのために 厚生労働省 Ministry of Health, Labour and Welfare स्थानिय श्रम ब्यूरो रोजगार वातावरण र समानता विभाग (कार्यालय)

# यदि दुर्व्यवहार गरिएको छ भने

## स्पष्ट रूपमा आफ्नो विचार राख्नुहोस

चुपचाप सहेर बस्दा स्थिति / अवस्था जन बिग्रन सक्छ।

"कृपया रोक्नुहोस् / बन्द गर्नुहोस" वा "मलाई यस्ता कुरा / व्यवहार मन पर्दैन" भनेर तपाई लाई लागेको कुरा खुलेर भन्नुहोस्।

## तपाईंको कम्पनीको परामर्श केन्द्र मा परामर्स गर्नुहोस

उत्पीडन कम्पनीको मुद्दा हो, व्यक्तिगत मुद्दा होइन। कम्पनीका कर्मचारी र श्रम मामिला को परामर्श, जिम्मेवार व्यक्ति या विश्वसनीय सुपरवाइजरसँग सल्लाह गर्नुहोस्।
**यदी कम्पनी भित्र परामर्श गर्न गाहो हुन्छ, परामर्श गरेर पनि कुनै सुधार भएन भने, कृपया तपाई बस्ने स्थानिय श्रम ब्यूरो जस्ता बाहिरी संस्थासँग परामर्श गर्नुहोस्।**
*परामर्श डेस्कमा परामर्श गरेको कारण कुनै पनि अनुचित व्यवहार निषेधित छ।

## सबै कम्पनीहरूले उत्पीडन रोक्न निम्न उपायहरू अवलम्बन गर्न आवश्यक छ!

विवरणको लागि कृपया तलको लिङ्क हेर्नुहोस्।

1. व्यवसाय/कम्पनी मालिकको नीतिको स्पष्टीकरण र यसको प्रसार र प्रबुद्धता
2. परामर्श (गुनासो सहित) अनुसार उचित प्रतिक्रिया दिन आवश्यक प्रणालीको विकास
3. परामर्श पछि तत्काल र उचित समाधान
4. उत्पीडनको कारणहरू र पृष्ठभूमि कारकहरूलाई हटाउने उपायहरू
5. (गोपनीयताको संरक्षण, इत्यादि) सँगसँगै अरु अपनाउनु पर्ने उपायहरू

■ पर्चा (जापानी भाषा) * पेज.२० पछि :
https://www.mhlw.go.jp/content/11900000/001019259.pdf
■ आकारुई स्योकुबा ओएनदान :
https://www.no-harassment.mhlw.go.jp/foreign_workers_jp

**परामर्श लिन सक्ने स्थानको सूची**

परामर्श (निःशुल्क): स्थानिय श्रम ब्यूरो समान रोजगार वातावरण विभाग (कार्यालय) फोन नम्बर सूची

| स्थान | टेलिफोन नम्बर | स्थान | टेलिफोन नम्बर | स्थान | टेलिफोन नम्बर | स्थान | टेलिफोन नम्बर |
|---|---|---|---|---|---|---|---|
| होक्काइदो | ०११-७०९-२७१५ | टोकियो | ०३-३५१२-१६११ | शिगा | ०७७-५२३-११९० | कागावा | ०८७-८११-८९२४ |
| आओमोरी | ०१७-७३४-४२११ | कानागावा | ०४५-२११-७३८० | क्योटो | ०७५-२४१-३२१२ | एहीमे | ०८९-९३५-५२२२ |
| इवाते | ०१९-६०४-३०१० | निगाता | ०२५-२८८-३५११ | ओसाका | ०६-६९४१-८९४० | कोची | ०८८-८८५-६०४१ |
| मियागी | ०२२-२९९-८८४४ | तोयामा | ०७६-४३२-२७४० | ह्योगो | ०७८-३६७-०८२० | फुकुओका | ०९२-४११-४८९४ |
| आकिता | ०१८-८६२-६६८४ | इशिकावा | ०७६-२६५-४४२९ | नारा | ०७४२-३२-०२१० | सागा | ०९५२-३२-७२१८ |
| यामागाता | ०२३-६२४-८२२८ | फुकुई | ०७७६-२२-३९४७ | वाकायामा | ०७३-४८८-११७० | नागासाकी | ०९५-८०१-००५० |
| फुकुशिमा | ०२४-५३६-४६०९ | यामानाशी | ०५५-२२५-२८५१ | तोतोरी | ०८५७-२९-१७०९ | कुमामोतो | ०९६-३५२-३८६५ |
| इबाराकी | ०२९-२७७-८२९५ | नागानो | ०२६-२२७-०१२५ | शिमाने | ०८५२-३१-११६१ | ओइता | ०९७-५३२-४०२५ |
| तोचिगी | ०२८-६३३-२७९५ | गिफु | ०५८-२४५-१५५० | ओकायामा | ०८६-२२५-२०१७ | मियाजाकी | ०९८५-३८-८८२१ |
| गुन्मा | ०२७-८९६-४७३९ | शिजुओका | ०५४-२५२-५३१० | हिरोशिमा | ०८२-२२१-९२४७ | कागोशिमा | ०९९-२२३-८२३९ |
| साइतामा | ०४८-६००-६२६९ | आइची | ०५२-८५७-०३१२ | यामागुची | ०८३-९९५-०३९० | ओकिनावा | ०९८-८६८-४३८० |
| चिबा | ०४३-२२१-२३०७ | मिए | ०५९-२२६-२३१८ | तोकुशिमा | ०८८-६५२-२७१८ | | |

कार्यालय समय: बिहान 8:30 देखि बेलुका 5:15 बजे (शनिबार, आइतबार, सार्वजनिक बिदा, र नयाँवर्ष बिदाहरू बाहेक)
※फोन मार्फत गरिने परामर्श जापानी भाषामा गरिन्छ।
※परामर्श डेस्कमै आउनुभयो भने दोभाषे मार्फत परामर्श लिन सक्नुहुन्छ।

[सन्दर्भ सामग्री]
समान रोजगार ऐन अवलोकन

अंग्रेजी चिनियाँ पोर्चुगिज भियतनामी जापानी